# प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९

नेपाल राजपत्रमा प्रकाशित मिति

| | |
|---|---|
| संशोधन | २०५०।१।७ |
| प्रेस काउन्सिल (कार्यव्यवस्था) (पहिलो संशोधन) नियमावली, २०५६ | २०५६।५।२८ |
| प्रेस काउन्सिल (कार्यव्यवस्था) (दोस्रो संशोधन) नियमावली, २०६४ | २०६४।६।७ |

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४९" रहनेछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रेस काउन्सिल ऐन, २०४८ सम्झनु पर्छ ।

(ख) "काउन्सिल" भन्नाले प्रेस काउन्सिल सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले ऐनको दफा १० बमोजिम गठित पत्रपत्रिका वितरण, संपरीक्षण समिति सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले काउन्सिलको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सदस्य-सचिव" भन्नाले काउन्सिलको सदस्य सचिव सम्झनु पर्छ ।

३. **काउन्सिलको बैठक** : (१) काउन्सिलको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) सदस्य सचिवले काउन्सिलको बैठकमा छलफल हुने विषय सूचि सहितको सूचना साधारणतया बैठक बस्नु भन्दा अठचालीस घण्टा अगाडि सबै सदस्यहरूले पाउने गरी पठाउनु पर्नेछ ।

४. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले अध्यक्षता गर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा समितिको अध्यक्षले निर्णायक मत दिन सक्नेछ।

(५) समितिको निर्णय समितिको सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

❷५. **<u>वितरण संपरीक्षण</u>** : (१) पत्रपत्रिकाको प्रकाशकले आफ्नो प्रकाशन वितरणको प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र कानून बमोजिम लेखापरीक्षकको प्रमाणपत्र प्राप्त लेखापरीक्षकबाट संपरीक्षण गराई त्यसको प्रतिवेदन समिति समक्ष पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि समितिले सो प्रतिवेदन आवश्यक जाँचबुझ गरी प्रकाशकलाई अनुसूची बमोजिमको ढाँचामा पत्रपत्रिका वितरण संपरीक्षणको प्रमाणपत्र दिनु पर्नेछ।

६. **<u>झुट्टा विवरण दिएमा</u>** : (१) नियम ५ को उपनियम (१) बमोजिम समितिमा पेश गरिएको प्रतिवेदनमा उल्लिखित विवरण झुट्टा हो भन्ने कसैलाई लागेमा सो प्रतिवेदन पेश गरेको मितिले एक महिनाभित्र समिति समक्ष उजुरी दिन सकिनेछ।

(२) उपनियम (१) बमोजिम उजुरी परेमा समितिले त्यस्तो विवरण सहितको प्रतिवेदन जाँच गर्न वा पुन: संपरीक्षण गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम जाँच गर्दा वा पुन: संपरीक्षण गराउँदा उजुरी ठीक ठहरेमा समितिले त्यस्तो प्रकाशकलाई पत्रपत्रिका वितरण संपरीक्षणको प्रमाणपत्र दिने छैन र दिइसकेको भए त्यस्तो प्रमाणपत्र निस्कृय गर्नको साथै समितिको सिफारिशमा निजले पाउने सुविधा समेत अवधि तोकी निलम्बन गर्न सक्नेछ।

❷ दोस्रो संशोधनद्वारा संशोधित।

(४) उपनियम (३) बमोजिम जाँच गराउँदा वा पुन संपरीक्षण गराँउदा उजूरी ठीक ठहरेमा समितिबाट जाँच गर्दा लागेको मनासिव खर्च वा पुन: संपरीक्षण गराउँदा लागेको खर्च समेत प्रकाशकबाट असुल गरिनेछ ।

(५) उपनियम (२) बमोजिम जाँच गर्दा वा पुन: संपरीक्षण गराउँदा झुठ्ठा उजूरी दिएको ठहर हुन आएमा समितिबाट जाँच गर्दा लागेको मनासीव खर्च वा पुन: संपरीक्षण गराउँदा लागेको खर्च उजूरवालाबाट असुल गरिनेछ ।

(६) यस नियम बमोजिम गरिने संपरीक्षण र जाँचबुझ सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. **प्रकाशन वितरणको विवरण** : (१) पत्रपत्रिकाको प्रकाशन वितरणको विवरण लिन चाहने व्यक्तिले समिति समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि समितिले एकसय रूपैयाँ दस्तुर लिई निवेदकलाई माग बमोजिमको विवरण दिनु पर्नेछ ।

८. **वितरण संपरीक्षणको प्रतिवेदनमा समावेश हुनु पर्ने** : (१) लेखा परीक्षकले पत्रपत्रिका वितरण संपरीक्षणको प्रतिवेदनमा प्रत्येक अंकमा प्रकाशित पत्रपत्रिकाको संख्या र त्यसको वितरण संख्या देहायबमोजिम खुलाउनु पर्नेछ :-

(क) ग्राहकलाई बिक्री वितरण गरिएका संख्या,

(ख) प्रकाशनसंग सम्बन्धित कर्मचारी, सदस्य, एजेन्ट वा नियमित रूपमा सहयोग गर्नेलाई वितरण भएका संख्या,

(ग) पुस्तक पसल वा एजेन्टमार्फत नियमित रूपमा ग्राहकहरूलाई बिक्री वितरण हुने संख्या,

(घ) पुस्तकालय वा वाचनालयमा नि:शुल्क वितरण हुने संख्या ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा फर्काइएका वा नबिकेको पत्रपत्रिकाको संख्या समेत खुलाउनु पर्नेछ ।

९. **सचिवालय र कर्मचारी सम्बन्धी व्यवस्था** : (१) काउन्सिलको एउटा छुट्टै सचिवालय हुनेछ ।

(२) काउन्सिलको सबै काम कारबाही तथा दैनिक कार्य सञ्चालन गर्नको लागि काउन्सिलले आवश्यक कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ।

(३) काउन्सिलका कर्मचारीहरूको पारिश्रमिक तथा सेवा शर्त सम्बन्धी व्यवस्था विनियममा तोकिए बमोजिम हुनेछ।

१०. **सचिवालय रहने ठाउँ** : काउन्सिलको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ।

११. **खारेजी** : प्रेस काउन्सिल (कार्य व्यवस्था) नियमावली, २०४१ खारेज गरिएकोछ।

नेपाल कानून आयोग

# अनुसूची

(नियम ५ को उपनियम (२) संग सम्बन्धित)

पत्रपत्रिका वितरण संपरीक्षणको

## प्रमाण-पत्र

श्री ... ... ... ... ... ... ... ...

❷तपाईलाई आर्थिक वर्ष ..........को लागि पत्रपत्रिका वितरण संपरीक्षणको यो प्रमाण-पत्र दिइएको छ।

(क) प्रकाशकको नाम र ठेगाना :

(ख) पत्रिकाको नाम र किसिम :

(ग) लेखा परीक्षकको नाम र ठेगाना :

(घ) लेखा परीक्षण अवधिभित्र कुल प्रकाशन अंक :

(ङ) लेखा परीक्षकको प्रतिवेदन अनुसार वितरण विवरण :

| कुल छापिएको प्रतिहरू | कुल बिक्री प्रतिहरू | कुल वितरण प्रतिहरू |
|---|---|---|
| | | |

(च) पत्रपत्रिका वितरणको विवरण :

१. वितरण संस्थाबाट वितरण हुने संख्या :

| (क) | (ख) | (ग) |
|---|---|---|
| स्वदेश | विदेश | जम्मा |

२. प्रकाशकबाट सिधै ग्राहकमा वितरण हुने संख्या :

३. खुद्रा बिक्रेताबाट वितरण हुने संख्या :

---

❷ दोस्रो संशोधनद्वारा संशोधित ।

४. सरकारी कार्यालय, संघ, संस्था, आदिमा वितरण हुने संख्या :

५. विभिन्न व्यक्ति तथा संस्थालाई नि:शुल्क वितरण गरिएको संख्या :

| (क) | (ख) | (ग) |
|---|---|---|
| स्वदेश | विदेश | जम्मा |

६. विज्ञापन एजेन्सी तथा विज्ञापन कर्तालाई वितरण गरिएको संख्या :

७. पत्रपत्रिकाको प्रवन्धकलाई वितरण गरिएको नि:शुल्क संख्या :

८. कुल वितरण संख्या :

९. वाचनालय पुस्तकालय आदिमा वितरण गरिएको संख्या :

प्रमाण-पत्र दिने अधिकारीको नाम :

सही :

पद :

कार्यालय :

मिति :

कार्यालयको छाप

द्रष्टव्य : हुलाक मार्फत पठाएका, तोकिएको मूल्य भन्दा कम मूल्यमा बिक्री गरिएका आदि प्रतिहरूको विवरण प्रकाशकको विवरणमा जनाउनु पर्नेछ ।

नेपाल कानून आयोग